हिमाली बेला

विश्वसनीय माध्यम

5th April 2010, Monday, Gangtok

# आजदेखि राष्ट्रिय स्तरको ईभीएनआईएस कार्यशाला

**गान्तोक, ४ अप्रेलः** इभ्यालुशन अव् इनफरमेशन इनभ्यारियोमेन्ट सिस्टम (ईएनभीआईएस)-माथि रानीपुलमा भोलिदेखि दुई दिवसीय कार्यशाला शुरु हुँदैछ। सिक्किम राज्य विज्ञान तथा प्रौद्योगिक परिषद्को सहयोगमा केन्द्रिय पर्यावरण तथा वन मन्त्रालयले यो कार्यक्रमको आयोजन गर्दैछ। देशमा ईएनभीआईएसलाई थप मजबुत बनाउने पक्षहरूबारे चर्चा गर्न विभिन्न राज्य तथा राष्ट्रिय संस्थानहरूका करिब १०० भन्दा अधिक प्रतिनिधिहरूले कार्यशालामा भाग लिँदैछन्।

केन्द्रिय पर्यावरण तथा वन मन्त्रालयले १९८२ मा ईएनभीआईएसको स्थापना गरेको थियो। यसमा देशभरिका सबै नीति नियामक, योजना निर्धारक, वैज्ञानिक, अभियन्ता र अनुसन्धानकर्ताहरूलाई पर्यावरणसम्बन्धी सूचना उपलब्ध गराउने कुरालाई विशेष प्राथमिकता दिइएको छ। पर्यावरण एक व्यापक बहु-अनुशासनात्मक क्षेत्र भएकोले पर्यावरणका विभिन्न विषयहरूमाथि सक्रिय रूपमा आबद्ध देशका सम्बन्धित संस्थानहरूको पर्यावरणमाथि बृहत् सूचना प्रणालीमा प्रभावकारी सहभागिता बढ़ाउनेछ। यसैले ईएनभीआईएसले स्वयंलाई अर्थपूर्ण रूपमा कार्यक्रमको निम्ति सहभागीमूलक संस्थानको रूपमा विकास गरेको एक प्रेस विज्ञप्तिमा बताइएको छ। यो सञ्जालमा मन्त्रालयको मातहतमा ठूलो संख्यामा ईएनभीआईएस केन्द्रहरूको स्थापना गरिएको छ।

यसको दीर्घकालीन उद्देश्य पर्यावरण विज्ञान र अभियान्तिकी केन्द्रहरू स्थापना गरेर अत्याधुनिक तक्निकलाई विकास गर्नु रहेको छ। यसले पर्यावरण सूचना प्रणालीमा अनुसन्धान, विकास र नवीनतम खोजलाई बढ़ावा दिनेछ। ईएनभीआईएसको तत्कालको प्राथमिकता भनेको वर्तमान आवश्यकताअनुसार सान्दर्भिक राष्ट्रिय पर्यावरण सूचना प्रणाली सेवा उपलब्ध गराउनु रहेको छ। पर्यावरण तथा यापनीय विकाससँग सम्बन्धित सूचना प्रसारलाई मजबुत बनाउन ईएनभीआईएस, भारतले अगावै ७६ साझेदारी केन्द्रहरू स्थापना गरेको छ, जसमा तीस सरकारी विभाग, ३६ संस्थान र १५ गैर-सरकारी संस्थानहरू छन्।